# ककनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट
बागमती प्रदेश नेपाल ।

पत्र संख्या :०७९/८०
चलानी नं.:

मिति :-२०७९/०३/१७

## सटर भाडा सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत सम्बन्धमा यस ककनी गाउँपालिका स्थित रानीपौवा बजारमा रहेको कृषि उपज संकलन वितरण केन्द्रको तपशिल बमोजिमको सटरहरु यस अघि भाडामा लागिरहेकोमा सो सटरहरु चालु आ.व.०७९/८० को लागि पुनः सम्झौता गर्ने, यस अघिको बाँकि बक्यौता सटर भाडा बापतको रकम चुक्ता गर्ने तथा खाली सटरहरु भाडामा लगाउने भनी गाउँपालिका अपाध्यक्ष ज्युको संयोजकत्वमा सम्बन्धीत सरोकारवाला प्रतिनिधि तथा पदाधिकारीहरुको समुपस्थितिमा मिति २०७९/०४/१२ गते बसेको बैठकले निर्णय भएको हुँदा देहायका उल्लेखित शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको निवेदन पेश गर्नुहुन सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| सि.नं. | सटर नं. | न्यूनतम रकम रु. | सटर संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | १ देखि ४ | प्रति सटर मासिक रु.४५००।- | ४ | बढाबढ |
| २. | ५ देखि १० | प्रति सटर मासिक रु.४०००।- | ६ | बढाबढ |

शर्तहरु:

१. भाडामा लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ संस्थाले आफुले सञ्चालन गर्ने व्यापार व्यवसायसँग सम्बन्धीत व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, मु.अ.क. वा प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, प्रोपाइटरको नागरिकताको प्रतिलिपी संलग्न राखी रु.१० को हुलाक टिकट टाँस गरी आवेदन पेश गर्नुपर्नेछ ।

२. विद्युत तथा पानी महशुल भाडामा लिने व्यक्ति, फर्म, कम्पनी संघसंस्था स्वयमले व्यहोर्नुपर्ने छ ।

३. प्रति सटर तोकिएको न्यूनतम मासिक भाडा भन्दा सबै भन्दा बढी बढी कबोल गर्ने र रित पूर्वक आएको आवेदनलाई स्विकृत गरिनेछ ।

४. आवेदन स्विकृत भएको आवेदकले आफुले कबोल गरेको गरेको मासिक भाडाको दरले जम्मा ३ महिनाको भाडाबापत हुने रकम सहित आ.व.०७९/८० को लागि मात्र सम्झौता गर्नुपर्नेछ ।

५. तोकिएको म्याद भित्र धरौटी सहित सम्झौता नगरेमा त्यसपछि बढी कबोल गर्ने व्यक्ति, फर्म, कम्पनी, संघसंस्थासँग सम्झौता प्रक्रिया अगाडि बढाईनेछ ।

६. स्विकृत भएको मासिक भाडा रकम प्रत्येक महिनाको मसान्त भित्र कबोल भाडा रकमको ६५ प्रतिशत गाउँपालिकाको खातामा बाँकी ३५ प्रतिशत रकम साझा सेवा सहकारी संस्थाको खातामा जम्मा गरी भौचरको प्रतिलिपी गाउँपालिकाको कृषि शाखामा बुझाउनुपर्नेछ । तीन महिना सम्म भाडा नबुझाएमा धरौटि बापतको रकमबाट भाडा असुल उपर गरी सटर खाली गराईनेछ ।

७. कानुनले बन्देज लगाईएको सामाहरु बिक्रि वितरण गर्न पाईने छैन ।

८. अघिल्लो आ.व.०७८/७९ मा सम्झौता भई भाडामा लागिरहेका सटरहरुले चालु आ.व.०७९/८० को लागि पुनः सम्झौता गर्न तथा सटर छोड्न यस अघिको बाँकि बक्यौता सटर भाडा बापतको रकमको ६५ प्रतिशत गाउँपालिका बाँकी ३५ प्रतिशत रकम साझा सेवा सहकारी संस्थाको तपशिलको खातामा यहि साउन मसान्त भित्र जम्मा गरिसक्नुपर्ने छ । अन्यथा सो बाँकी रकम जम्मा नगरेमा कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

- **ककनी गाउँपालिका (कृषि विकास बैंक) आन्तरिक राजश्व खाता नं.: ०२१३४०१२५१०३४०९३**
- **साझा सेवा सहकारी संस्था लि.(कृषि विकास बैंक) चल्ती खाता नं.:०२१३४००७९२११३०११**

९. तोकिएको म्याद बाहिर, रित नपुगेका, कुनै शर्त राखी पेश भएका तथा सूचनाको शर्त विपरित प्राप्त भएको आवेदन उपर कुनै कारबाही हुनेछैन ।

१०. अन्य कुराहरु सम्झौता तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

**गीता कुमारी शर्मा**
**प्रमुख प्रशासकिय अधिकृत**

गीता कुमारी शर्मा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner